## मिति २०७८।१०।२४ गते बसेको ८३औं नगर कार्यपालिका बैठकका निर्णयहरु:

**निर्णय नं. १** आ.व. २०७७/०७८ मा स्थानीय तहको संस्थागत स्वमूल्याङ्कन (LISA) कार्यक्रममा गैंडाकोट नगरपालिकाले कुल ७१.५ प्रतिशत प्राप्त गरेको नतिजालाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २** गैंडाकोट नगरपालिका र अन्तर्गत विभिन्न वडा समितिबाट निर्णय भई आए बमोजिमका आ.व.२०७७/०७८ र आ.व.२०७८/०७९ का योजनाहरुलाई विभिन्न कारणले साविक योजना असान्दर्भिक भएका वा अन्य निकाय वा श्रोतबाट सम्बोधन भएको भनी वडा समितिबाट निर्णय सहित सिफारिस प्राप्त भएकोले तत्काल नयाँ काम गर्न अत्यावश्यक भएका हालसम्म पेश भएका योजनाहरुलाई वडा समितिको सिफारिस अनुसार परिमार्जन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** गैंडाकोट नगरपालिका भित्र उपभोक्ताहरुको लागत सहभागीतामा सञ्चालन हुने नयाँ पिच सडकका लागि योजनाहरुमा लाग्ने कुल लागतलाई नगरपालिकाको तर्फबाट ६० प्रतिशत र उपभोक्ताहरुको तर्फबाट ४० प्रतिशत लागत सहभागीता हुने देहाय बमोजिमका योजनाहरुलाई उपभोक्ताबाट ४० प्रतिशत रकम नगरपालिकाको कोषमा जम्मा गरी सकेपछि मात्र योजनाको कार्य अगाडी बढाउने र उक्त योजनाहरुको लागि लाग्ने ६० प्रतिशत नगरपालिकाको लागत सहभागीतको कोषबाट रकम व्यहोर्ने निर्णय गरियो ।

| क्र. सं. | योजनाको नाम | कुल लागत | नगरपालिकाले व्यहोर्ने ६० प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | गैंडाकोट वडा नं ५ स्थित बैकुण्ठ मधुमार्ग कालोपत्रे गर्नको लागि | रु.४८,६१,४३५/- | रु. २९,१६,८६१/- | |
| २ | वडा नं. १० स्थित टाँडीगाउँ मुरलरीको भाईको घरदेखि नारायण धितालको घरसम्मको बाटो पिच | रु १८,००,०००/- | रु.१०,८०,०००/- | |
| ३ | वडा नं. ५ स्थित श्रीकृष्ण मार्ग | रु.४१,१९,०३९/- | रु.२४,७१,४२३/- | |
| ४ | वडा नं. ८ स्थित नन्दलाल/ नन्दकली मार्ग बाटो पिचका लागि वडाबाट विनियोजन भएको रु.८ लाख कुल लागत रु.१७,६७,६९४/- बाँकी कुल लागतको अपुग रकम रु.९,४३,६९४/- | रु.९,४३,६९४/- | रु.५,६६,२१६/- | |
| ५ | वडा नं. १ स्थित प्रगतिटोल प्रगति मार्ग बाटो मर्मतका लागि वडाबाट आ.व. २०७७/०७८मा रु.४ लाख र आ.व.२०७८/०७९ विनियोजन भएको रु.३ लाख गरी जम्मा रु.७ लाख उक्त मार्ग सम्पन्न गर्न लाग्ने कुल लागत रु.१८,४०,०००/- बाँकी कुल लागतको अपुग रकम रु.११,४०,०००/- | रु.११,४०,०००/- | रु.६,८४,०००/- | |
| ६ | वडा नं. १ स्थित प्रतिभा टोल अन्तर्गतको शुभकामना मार्गको बाटो निर्माण | रु.२७,०९,५६९/- | रु.१६,२५,७४१/- | |

छविलाल सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

विष्णु कुमारी कँडेल
नगर उप-प्रमुख

छत्रराज पौडेल
नगर प्रमुख

गैंडाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गैंडाकोट नवलपरासी
गण्डकी प्रदेश नेपाल
२०७३

**निर्णय नं.४** गैंडाकोट नगरपालिकाको आर्थिक प्रशासन शाखाबाट पेश भए बमोजिमको कार्यालयका तर्फबाट हालसम्म भएको समपूरक,पूँजीगत तथा चालू खर्चलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५** नेपाल सरकारको शसर्त अनुदानबाट आ.व. २०७८/०७९ का लागि यस नगरपालिका र अन्तर्गतका स्वास्थ्य सस्थाहरुलाई आवश्यक पर्ने औषधी खरिद बोलपत्र मार्फत न्यूनतम् मुल्य पेश कर्ता क्यान्डेला मेडिकन्सर्न मार्फत रु.११,३६,८३६/- मा खरिद गरिएको अवस्था छ । संघीय सरकारको सशर्त अनुदान अन्तर्गत रु.१८ लाख र आन्तरिक स्रोत तर्फको रु.१० लाख गरी यस कार्यालयको कुल रकम रु.२८ लाख मध्यबाट बाँकी रहेको रकमबाट अति आवश्यक सेवा लागि साविककै न्यूनतम् मुल्यमा आवश्यक औषधी खरिद गर्नका लागि नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ६** गैंडाकोट नगरपालिका कार्यालयका तर्फबाट गरिने पूर्वाधार विकास तर्फका योजनाहरुमा उपभोक्ता समिति मार्फत जनसहभागीता रहने विभिन्न योजनाहरुमा लागत सहभागीता हुने गरेकोमा देहाय बमोजिमका ४ वटा शिर्षकका योजनाहरु (१. सरकारी भवन २.पूल ३. कल्भट ४. तटबन्धन )मा लागत सहभागीता नगर्ने निर्णय गरियो ।

**निर्णय नं. ७** गैंडाकोट नगरपालिका वडा नं. १ स्थित मौलाकालिका मन्दिरका लागि मौलाकालिका केवलकार प्रा.लि. द्वारा निर्माण गर्न लागिएको भौतिक संरचनाको नक्सा पास गर्नका लागि यस कार्यालयको भवन तथा वस्ती विकास उपशाखाबाट पेश भए बमोजिमको प्रस्तावनालाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८** गैंडाकोट नगरपालिकाको आ.व.२०७८/०७९ को हिउँदे नगर सभा (दशौं नगर सभा ) यहि मिति २०७८ फागुन ५ गते विहिबारका दिन बिहान ११ बजे गर्ने निर्णय गरियो ।

छविलाल सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

विष्णु कुमारी कँडेल
नगर उप-प्रमुख

छत्रराज पौडेल
नगर प्रमुख